देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी,रुपन्देही

प.स. २०७८/०७९
च.नं.

मिति: २०७८/१२/१३

श्री वडा कार्यालय सबै,
देवदह नगरपालिका, रुपन्देही ।

विषयः मध्यम अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।

उपरोक्त सम्बन्धमा यस देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय,केरवानी, रुपन्देहीबाट गम्भीरताको आधारमा मध्यम अपाङ्गता ("ग" वर्ग ) को अपाङ्गता परिचय पत्र प्राप्त गरेका र सामाजिक सुरक्षा भत्ता लिन इच्छुक व्यक्तिले तपशिलको मिति, समय र स्थानमा तपशिल बमोजिमका कागजात सहित कार्यालयबाट प्राप्त निवेदन रितपूर्वक भरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| मिति | समय | स्थान | वडा नं. |
|---|---|---|---|
| २०७८/१२/१४ गते देखि २०७८/१२/२८ गते सोमबार सम्म । | कार्यालय समय भित्र | महिला बालबालिका तथा जेष्ठ नागरिक उपशाखा, देवदह नगर कार्यपालिकाको कार्यालय देवदह, रुपन्देही । | नगरपालिकाका सबै वडाहरु |

तपशिलः

पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२ नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

३ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ,

४ अन्यत्र स्थानबाट बसाई सराई गरी आएको भएमा बसाई सराईको प्रमाणपत्रको प्रतिलिपि ,

५ देवदह नगरपालिकाबाट प्रदान गरिएको अपाङ्गता परिचय पत्रको प्रतिलिपि।

**पुनश्चः** कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति भएको ,निर्वाचित वा मनोनित भई वहाल रहेको व्यक्ति, नेपाल सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्त्व भएको संगठित संस्थाबाट नियमित रुपमा पारिश्रमिक, निवृत्तिभरण, अवकाश सुविधा वा अन्य सुविधा पाइरहेका व्यक्तिलाई उक्त भत्ता उपलब्ध गराइने छैन ।

७८/१२/१३

डिल्लीराज बेल्वासे
प्रमुख प्रशासकीय अधिकृत

**डिल्लीराज बेलवासे**
**प्रमुख प्रशासकीय अधिकृत**